सूचना ! सूचना !! सूचना !!!

# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हरपुर, पर्सा
## मधेश प्रदेश, नेपाल

## स्वयंसेवक शिक्षक सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/२२)

पर्सागढी नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुलाई स्वयंसेवक शिक्षक खुला (७५%) र नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा निजि स्रोतबाट २०७८ साल अषाढ मसान्त सम्म कार्यरत तोकिएका योग्यता पुगेका शिक्षकहरुको लागि आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट (२५%) नियुक्ति गरी सामाजिक विकास समितिबाट निर्णय भए बमोजिमका विद्यालयहरुमा उपलब्ध गराउन नगरपालिकाको स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७९ अनुसार हुनेगरी सेवा करारमा नियुक्त गरी आवश्यकताका आधारमा विद्यालयहरुमा खटाउन आवश्यक भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा उम्मेद्वार स्वयं उपस्थित भई दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी कार्यालयको वेबसाइट www.parsagardhimun.gov.np मा उपलब्ध छ ।

तपसिलः-

| क.स | विज्ञापन न. | पद | माग सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०६/०७९/०८० | स्वयंसेवक शिक्षक | १३ (तेह्र) | खुला-९/आन्तरिक-४ |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह, +२ वा सो सरह उतीर्ण गरेको,

(ख) शिक्षा विषयमा कम्तिमा १० महिना तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह, +२ वा सो सरहको परिक्षामा २०० पुर्णाङ्कको शिक्षा विषय लिई उतिर्ण गरेको,

(ग) न्यूनतम प्रा.वि. तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको,

(घ) नेपाली नागरिकता प्राप्त गरेको,

(ङ)आन्तरिकको हकमा २०७८ अषाढ मसान्त सम्म निजी स्रोतबाट पारिश्रमिक पाउने गरि विद्यालयमा काम गरेको प्रमाण,

**२. दरखास्त दिने स्थानः-** पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा ।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०७९/१२/०६ गते सम्म । अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको समय भित्र ।

**४.आवेदनको दस्तुरः-** रु ५००/- ( पाँच सय मात्र)

**५.छनौटको किसिमः-** लिखित परीक्षा तथा अन्तरवार्ता,

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-

(क) नेपाली नागरिकता

(ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा स्थायी अध्यापन अनुमति पत्र

(ग) चारित्रिक प्रमाण पत्र

(घ) कामसँग सम्बन्धीत अनुभव भए सोको कागजात

(ङ) तालिमको प्रमाण पत्र

(छ) ३ प्रति पासपोर्ट साइजको फोटो,

**७. सेवा सुविधाः-** मासिक रु १५०००।– (स्वयंसेवक प्रोत्साहन भत्ताको रुपमा उपलब्ध गराईने छ)

८. आबेदनको ढाँचा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ, सो ढाँचा यस नगरपालिकाको बेवसाइटबाट पनि प्राप्त गर्न सकिने छ। थप जानकारीका लागि मो.न. ९८४५३०७१०४ मा सम्पर्क गर्नु होला ।

९. आन्तरिक पर्तिस्पर्धाबाट निर्धारित कोटा बमोजिमको निवेदन रीत पूर्वक पर्न नआएमा उक्त आन्तरिक प्रतिस्पर्धाको लागि छुट्याइएको कोटा खुला कोटामा थप गरि शिक्षक छनौट गरिनेछ ।

१०. सेवा करार अवधि २०८० अषाढ मसान्त सम्म हुनेछ । ततः पश्चात स्रोत सुनिश्चित भएमा म्याद थप गर्न सकिनेछ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

**छविरमण भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत

**उपसचिव**